# प्रगति

| क्र.सं. | निर्णयहरु | प्रगति |
|---|---|---|
| १ | नेपाल सरकारका मन्त्रालय तथा निकायहरुसँग विभिन्न विषयमा माग गरिएका राय/परामर्श सम्बन्धित मन्त्रालय/निकायबाट समयमै उपलब्ध गराउन नसक्दा महत्वपूर्ण निर्णयहरुमा बिलम्ब हुने हुँदा यसरी माग गरिएको राय/परामर्श दिनुपर्ने निकायले अर्को ७ (सात) दिन सम्म पनि उपलब्ध नगराएमा सहमती रहेको मानी कार्य अघि बढाउने । | राय परामर्श समयमा नै पठाउने गरिएको । |
| २ | वर्तमान सरकारको ६ महिनाको कार्य प्रगति अवस्थाको विवरण सबै मन्त्रालय/निकायले आगामी २०७२ चैत्र १८ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आईपुग्ने गरी अनिवार्य रुपमा पठाउने । | पठाइएको । |
| ३ | आगामी आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अधुरा आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने तर्फ ध्यान दिई सोही बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने । | प्रकृया अघि बढिरहेको । |
| ४ | सबै मन्त्रालयहरुले निर्माणाधीन आफु मातहतका राष्ट्रिय गौरबका आयोजनाहरु र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि उपलब्ध गराउनु पर्ने इन्धनको परिमाण एकिन गरी आपूर्ति मन्त्रालयसँग माग गर्ने र सो बमोजिमको इन्धन आपूर्ति मन्त्रालयले उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| ५ | पूँजीगत खर्च प्रगति अत्यन्त न्यून अवस्थामा रहेको देखिँदा सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मातहतका कार्यक्रमहरु प्रभावकारिताका साथ कार्यान्वयन गरी खर्च अभिवृद्धि गराउने तर्फ विशेष पहल गर्ने । सो को मासिक प्रगती प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने । | प्रगती विवरण पठाउने गरिएको । |
| ६ | सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयन अवस्था सन्तोषजनक नरहेको देखिएकोले सबै निकायले यसतर्फ विशेष सक्रियता देखाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने । | भैरहेको । |
| ७ | सबै मन्त्रालय/निकायहरुले आफु र मातहत निकायमा रहेका बेरुजु फछ्र्यौट गर्नेतर्फ तुरुन्त क्रियाशिलता अवलम्बन गर्ने । | प्रकृया अघि बढिरहेको । |
| ८ | नेपालको राष्ट्रि गौरबको रुपमा रहेको ऐतिहासिक सम्पदा धरहरा २०७२ साल बैशाख १२ गतेको महाभुकम्पमा ध्वस्त भई यसको पुनः निर्माणका लागि **"मेरो धरहरा मै बनाउँछु"** भन्ने अभियान अन्तरगत नेपालीको आफ्नै पूँजीमा निर्माण गर्ने उद्देश्यका साथ रकम सङ्कलन गर्न नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुबाट ३ (तीन) दिनको शुरु तलब स्केल बराबरको रकम जम्मा गर्ने । त्यसैगरी नेपाल सरकारका राजपत्राङ्कित र रा.प. अनंकित एवं अन्य सरकारी तथा अन्य विभिन्न निकायमा कार्यरत कर्मचारीहरुबाट समेत स्वेच्छाले रकम सङ्कलन गर्न सबै मन्त्रालय/आयोग/निकायहरुले पहल गर्ने । | रकम जम्मा गरी मातहतका सबै निकायमा परिपत्र गरिएको । |
| ९ | विज्ञान तथा प्राविधि मन्त्रालयले Nuclear Law को मस्यौदा तयार गरी प्रक्रिया अगाडी बढाउने । | |